नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(मानव संसाधन योजना शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१/८२

चलानी नं.:- ४२८

मितिः- २०८१/१२/२०

विषयः- **Australian Award Scholarship and Fellowhips (long course) छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।**

श्री सबै मन्त्रालय, निकाय तथा तह ।

निजामती सेवा ऐन, २०४९(संशोधन सहित) को दफा ४०ख उपदफा (३) बमोजिम गठित समितिको मिति २०८१/१२/१९ मा बसेको ४२० औं बैठकबाट अस्ट्रेलिया सरकारबाट प्राप्त तपशील बमोजिमको अध्ययन छात्रवृत्ति कार्यक्रममा सबै मन्त्रालय/निकाय तथा तहलाई खुला गर्ने निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरी **मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना** आवश्यक कार्यार्थको लागि **परराष्ट्र मन्त्रालयको दक्षिणपूर्व तथा प्रशान्त महाशाखामा** पठाउनुहुन र मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

तपशील:

| क्र. सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अध्ययन / तालिम/ अध्ययन भ्रमण | कार्यक्रमको अवधि/फाराम बुझाउने अन्तिम मिति | कार्यक्रम हुने संस्था / देश | आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | "Australia Awards Scholarships" 2026 | not stated | Study | 2 years program / Application open 1 February 2025 and closing 30 April 2025 (11:59PM AEST, Australian Eastern Standard Time) | Australia | **Qualifications**<br>1. be applying for a Master's program with proposed course of study of no more than two years<br>2. have not completed a qualification that is deemed to be equivalent to the Australian qualification they are applying for- Scholarships will not be available for course of study in Australia where the applicant already has achieved that qualification and the qualification is deemed to be equivalent to the Australian qualification at the same level.<br>3. a minimum four-year bachelor's degree and minimum three years' relevant full-time work experience earned after the bachelor's degree or<br>4. a three year bachelor's degree with at least a one year master's | सबै मन्त्रालय/ निकाय तथा तहका कर्मचारीहरू को लागि खुला गर्ने |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

(मानव संसाधन योजना शाखा)

पत्र संख्याः-

चलानी नं.:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | degree with a minimum of three years' relevant full-time work experience earned after the bachelor's degree or<br>5. a two-year bachelor's degree with at least two-years master's degree with a minimum of three years' relevant full-time work experience earned after the bachelor's degree<br>6. Applicants must possess one of the following English language test scores valid on 1 January 2026<br>7. IELTS (Academic) 6.5 or higher (with all band scores 6.0 or higher), or<br>8. TOEFL (Internet-based) 84 or higher (with all subtest scores 21 or higher), or<br>9. PTE (Academic) 58 or higher (with all communicative skill scores 50 or higher).<br>For further details: https://australiaawardsnepal.org | |

(नमराज वाग्ले)
शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, सं.मा.त.सा.प्र.म *website* मा *Upload* गरिदिनुहुन ।

**Australian Embassy**

**Nepal**

Mr Tapas Adhikari
Joint Secretary/Chief
South East Asia and the Pacific Division
Ministry of Foreign Affairs
Singha Durbar, Kathmandu

**Australia Awards Scholarships Information Seminar for Government of Nepal Officials**

Dear Mr Adhikari

I am pleased to advise, the new round of applications for 2026 intake for Australia Awards Scholarships will open from 1 February until 30 April 2025. Australia is honoured in continuing its support to the long-term capacity development in Nepal through this prestigious scholarships program.

In line with Nepal's development priorities, there are eight priority sectors identified in this round: Climate Change; Disaster Risk Reduction; Economic Development; Education; Gender Equality, Disability and Social Inclusion; Governance; Natural Resource Management and Sustainable Infrastructure Development.

Consistent with our commitment to diversity and social inclusion, we encourage people with a diverse background to apply, including women, people with disability, and from traditionally marginalised groups. All candidates will undergo a merit-based selection process.

To provide the prospective applicants with relevant information, the Australia Awards team is organising online information sessions. A designated **online session will be held exclusively for civil service officials on Friday 31 January 2025**. Interested public service officials can register for this session through the Australia Awards website: https://australiaawardsnepal.org.

I would be most grateful for your assistance in requesting the Ministry of Federal Affairs and General Administer and Human Resource Planning and Development Division to disseminate this information through its website as was done in the past.

Please do not hesitate to contact me or my colleague, Ms Sunita Gurung, at 437 1678 sunita.gurung@dfat.gov.au should you have any questions or need further information.

Kind regards

Luna Purification
Head of Development

24 January 2025

To MOFAGA

Australian Embassy, PO Box 879, Bansbari, Kathmandu, NEPAL
Telephone: +977 1 437 1678 Facsimile: +977 1 437 1533

**Australian Embassy**

**Nepal**

Copy to:

1. Ms Meera Acharya, Joint Secretary, Ministry of Federal Affairs and General Administration, Human Resource Planning and Development Division
2. Mr Devi Prasad Upadhyay, Under Secretary, Ministry of Education, Higher Education Division, Scholarships Section
3. Mr Tri Bikram Timilsina, Section Officer, Ministry of Finance, International Economic Coordination Cooperation Division
4. Mr Namaraj Wagle, Section Officer, Ministry of Federal Affairs and General Administration, Human Resource Planning and Development Section

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

दक्षिणपूर्व एशिया तथा प्रशान्त महाशाखा

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प.सं.:दपूए/४०.१/२०८१-८२
च.नं.:SEAP/६९६५

मितिः २०८१।१०।१५
२८ जनवरी २०२५
नेपाल संवत-११४५

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

विषय: अष्ट्रेलियन अवार्ड सम्बन्धी Online Information session सम्बन्धमा।

प्रस्तुत विषयमा Australia Award Scholarships 2026 का लागि १ फेब्रुअरी २०२५ देखि ३० अप्रिल २०२५ मा आवेदन खुल्ने भएकाले सो सम्बन्धमा जानकारी दिनका लागि Australia Award Team ले ३१ जनवरी २०२५ (२०८१ माघ १८ गते) Online Information Session आयोजना गर्न लागेकोले सो विषय श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट मार्फत सबै सरकारी कर्मचारीलाई जानकारी गराइदिन अनुरोध गर्दै लेखिएको काठमाण्डौस्थित अष्ट्रेलियन राजदूतावासबाट प्राप्त कूटनीतिक नोट तहाँको जानकारी तथा आवश्यक कार्यार्थ यसैसाथ प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(अम्बिका जोशी)
उप सचिव

स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन
सिंहदरबार, काठमाडौं
फोन: ४२००१८२-१८५ Ext. ४३६ फ्याक्स: ४२०००६१ e-mail: seap@mofa.gov.np Website: www.mofa.gov.np

Australia Awards

# Australia Awards Scholarships: Key Information (Nepal)

## Australia Awards Scholarships

Australia Awards are prestigious international Scholarships and Short Courses funded by the Australian Government. An Australia Awards Scholarship provides the opportunity to gain an internationally recognised master's degree from a world-class Australian institution. It includes all the basic support and funding to complete your study.

All recipients of the Australia Awards become part of the Australia Global Alumni network, connecting them to Australia and each other, building an engaged and influential global network of leaders, and establishing a network of ambassadors for Australia and its first-class education system.

## Eligibility Criteria

At the minimum, an applicant must have a four-year bachelor's degree or a master's degree*; three years' relevant full-time work experience earned after the bachelor's degree; and an overall IELTS score of 6.5 with no less than 6.0 in each band** (or equivalent TOEFL or PTE scores). Test scores must be valid on 1 January of the following year (validity may extend per university requirements). There are several other eligibility criteria; applicant must meet all of them. Please contact the Australia Awards office for details.

## Study Program

Australia Awards are available for master's degree programs – either 'by coursework' or 'by research'. Study programs must come under the specified development priority sector. Priority sectors are reviewed every year. Please contact the Australia Awards office for details.

## Scholarship Entitlements

Australia Awards Scholarships offer comprehensive funding. Scholarship recipients receive return air travel, a one-off establishment allowance on arrival, full tuition fees, stipend, health insurance and other support as deemed necessary. In addition, scholars with disability may be provided with adjustment support. A scholar's spouse and children under 18 can accompany them in Australia as dependents.

## Application Process

Applications generally open from 1 February to 30 April for studies commencing in the following calendar year, i.e. applications opening on 1 February 2025 are for study programs starting in January 2026. Applications must be lodged online along with the required documents. Detailed information can be obtained from the Australia Awards office.

## Selection Process

Independent consultants assess and rank all eligible applicants based on their academic competence, leadership attributes and potential outcomes. Only shortlisted applicants are invited for selection interviews. The Australia Awards Nepal office facilitates university placement and mobilisation of selected applicants.

The Australia Awards selection process is rigorous and highly competitive. Prospective applicants are recommended to prepare well and in advance.

## Social Inclusion and Disability Support

The Australian Government values contributions from all people. It seeks equity and broad participation by all groups in society, including women, people from traditionally marginalised groups and people with disability. The selection process for Australia Awards considers barriers to participation faced by applicants from under-represented groups to improve their competitiveness. Applicants who have not had opportunities in the past to study outside Nepal have a preference over those who have already had that opportunity.

Reasonable disability support (academic and non-academic) is provided to recipients with disability based on a 'needs' assessment. The objective is to allow their participation with other Australia Awards recipients on an equal basis.

The application process is transparent and competitive, providing equal opportunity to all eligible applicants, regardless of gender, ethnicity, or disability.

We welcome prospective applicants to learn more from our website or by contacting the Australia Awards – Nepal office.

**Australia Awards – Nepal**
Meghalaya Complex, Level 2
Kamaladi, Kathmandu
Phone: 01 4002614
Email: inquiries@australiaawardsnepal.org
Website: http://australiaawardsnepal.org

---

* Three-year bachelor's degree holders must have at least a one-year master's degree; two-year bachelor's degree holders must have at least a two-year master's degree

** Women, people with disability, members of traditionally marginalised groups and public servants will be considered for eligibility with an IELTS score of 6.0 or higher (with all band scores of 5.5 or higher). However, if offered an Australia Awards Scholarship, these applicants must meet the English language requirements of their preferred university and degree before commencing study.

Australia Awards

# अष्ट्रेलिया अवार्डस् छात्रवृत्ति सम्बन्धी महत्वपूर्ण जानकारीः नेपाल

### अष्ट्रेलिया अवार्डस् छात्रवृत्ति

अष्ट्रेलिया अवार्डस् अष्ट्रेलिया सरकारले प्रदान गर्ने प्रतिष्ठित अन्तर्राष्ट्रिय छात्रवृत्ति हो । यस अन्तरगत छोटो समयका लागि सञ्चालन गरिने तालिमहरु पनि पर्दछन् । अष्ट्रेलिया अवार्डस् छात्रवृत्तिले विश्वव्यापी रुपमा मान्यता प्राप्त अष्ट्रेलियाली विश्वविद्यालयहरुबाट अन्तर्राष्ट्रिय स्तरको स्नातकोत्तर उपाधी प्राप्त गर्ने अवसर प्रदान गर्दछ । यस अन्तरगत छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिलाई उसको अध्ययन पुरा गर्नका लागि आवश्यक पर्ने आर्थिक लगायत सबै प्रकारका सहयोगहरु उपलब्ध गराइन्छ ।

अष्ट्रेलिया अवार्डस् प्राप्त गर्ने सबै जना अष्ट्रेलियामा अध्ययन गरेका विश्वभरीका पूर्व विद्यार्थीहरुको सञ्जाल (Australia Global Alumni network) को हिस्सा बन्छन् । यसले उनीहरुलाई अष्ट्रेलियासँग र उनीहरु आफै पनि एक–अर्काको सम्पर्कमा रहिरहन, नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने व्यक्तिहरुसँग ...र एउटा सक्रिय र प्रभावशाली विश्वव्यापी सञ्जाल निर्माण गर्न तथा अष्ट्रेलिया र त्यहाँको उत्कृष्ट शैक्षिक प्रणालीको प्रबर्धन गर्ने सद्भावना दूतहरुको सञ्जाल बनाउने अवसरहरु प्रदान गर्दछ ।

### योग्यता सम्बन्धी मापदण्डहरु

अष्ट्रेलिया अवार्डस् छात्रवृत्ति अन्तरगत अष्ट्रेलियाका विश्वविद्यालयहरुमा स्नातकोत्तर तह अध्ययन गर्न चाहने आवेदकले कम्तिमा पनि चार वर्षको स्नातक तह वा स्नातकोत्तर तह पास गरेको*; स्नातक तह पछि तीन वर्ष पूर्णकालिन कार्यानुभव हाँसिल गरेको; अंग्रेजी भाषा परिक्षा आईएलटीएसमा समग्रमा ६.५ सहित हरेक ब्याण्डमा कम्तिमा पनि ६.० अङ्क हाँसिल गरेको** (वा टोफल वा पीटीईमा सो सरहको अङ्क प्राप्त गरेको) हुनुपर्छ । अंग्रेजी परिक्षाको अङ्क आगामी वर्षको जनवरी १ सम्म मान्य हुनु पर्दछ (मान्यावधि विश्वविद्यालय अनुसार फरक हुन सक्नेछ) । यसका अतिरिक्त योग्यता सम्बन्धी अन्य थुप्रै मापदण्डहरु छन्, आवेदकले यी सबै पुरा गरेको हुनु पर्दछ । विस्तृत जानकारीका लागि अष्ट्रेलिया अवार्डस् को कार्यालयमा सम्पर्क गर्न सकिन्छ ।

### अध्ययन कार्यक्रम

अष्ट्रेलिया अवार्डस् स्नातकोत्तर कार्यक्रमका लागि उपलब्ध गराइन्छ । यस्तो ...ययन कार्यक्रम कक्षाकोठामा अध्यापन गराइने निर्धारित पाठ्यपुस्तकमा आधारित (by coursework) वा अनुसन्धानमा आधारित (by research) हुन सक्नेछ । आवेदकले अध्ययन गर्न चाहने विषय चयन गर्दा निर्दिष्ट प्राथमिकता विकास क्षेत्र अन्तरगत पर्ने गरी छनौट गर्नु पर्दछ । हरेक वर्ष यस्ता प्राथमिकता क्षेत्रहरुको पुनरावलोकन गर्ने गरिन्छ । विस्तृत जानकारीका लागि अष्ट्रेलिया अवार्डस् को कार्यालयमा सम्पर्क गर्न सकिन्छ ।

### छात्रवृत्ति अन्तरगत प्राप्त हुने सेवा सुविधाहरु

अष्ट्रेलिया अवार्डस् छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिलाई पूर्ण आर्थिक सहयोग प्रदान गरिन्छ । यस्ता व्यक्तिहरुले हवाइजहाजबाट अस्ट्रेलिया जान र आउनका लागि हवाइ खर्च, अष्ट्रेलिया पुगिसकेपछि एक पटकका लागि वन्दोवस्ती भत्ता, जीवन निर्वाह भत्ता, विश्वविद्यालयमा तिर्नु पर्ने सम्पूर्ण शुल्क, स्वास्थ्य विमा र आवश्यक परेमा अन्य सहयोगहरु पनि प्राप्त गर्दछन् । यसका अतिरिक्त अपाङ्गता भएका विद्यार्थीहरुलाई विना कुनै अवरोध अध्ययन गर्न पाउने वातावरण मिलाउनका लागि समुचित समायोजन सहयोग पनि प्रदान गर्न सकिनेछ । विद्यार्थीका पति/पत्नि एवं १८ वर्ष मुनिका बालबालिकाहरुले विद्यार्थीको आश्रितका रुपमा अष्ट्रेलिया जान पाउँछन् ।

### आवेदन प्रक्रिया

अष्ट्रेलिया अवार्डस् छात्रवृत्तिका लागि सामान्यतया अंग्रेजी महिनाको फेब्रुअरी १ देखि अप्रिल ३० सम्म आवेदन खुला गरिन्छ । यस्तो आवेदन आगामी वर्ष शुरु हुने अध्ययन कार्यक्रमका लागि हो । अर्थात्, फेब्रुअरी १, २०२५ मा खोलिने आवेदन जनवरी २०२६ मा शुरु हुने अध्ययन कार्यक्रमका लागि हो । आवेदन अनलाइनबाट आवश्यक कागजातहरु सहित बुझाउनु पर्दछ । विस्तृत जानकारीका लागि अष्ट्रेलिया अवार्डस् को कार्यालयमा सम्पर्क गर्न सकिन्छ ।

### छनौट प्रक्रिया

प्राप्त भएका मध्येबाट योग्यता सम्बन्धी मापदण्ड पुरा भएका सबै आवदेनहरुलाई विशेषज्ञहरुको समूहले आवेदकको शैक्षिक क्षमता, नेतृत्वदायी गुण र आवेदकले आफ्नो देशमा पुर्‍याउन सक्ने सम्भावित योगदानहरुका आधारमा निष्पक्षता पूर्वक मूल्याङ्कन गर्दछ । यसरी गरिएको मूल्याङ्कनबाट उत्कृष्ट ठहरिएका आवेदकहरुको छोटो सूची तयार पारिन्छ र उनीहरुलाई छनौट अन्तर्वार्ताका लागि बोलाइन्छ । अन्तर्वार्ताबाट छानिएर आउने आवेदकहरुका तर्फबाट उनीहरुले चाहेको विषय र विश्वविद्यालयमा भर्ना गरिदिने एवं भिषा प्रक्रिया, अष्ट्रेलिया जानु पूर्व तयारी स्वरुप गराइने अभिमूखिकरण लगायतका कार्यहरुमा अष्ट्रेलिया अवार्डस् को कार्यालयले सहजीकरण गर्दछ ।

अष्ट्रेलिया अवार्डस् को छनौट प्रक्रिया कठोर र अत्यन्तै प्रतिस्पर्धात्मक हुन्छ । त्यसैले यस छात्रवृत्तिमा रुची भएका सम्भावित आवेदकहरुलाई समयमा नै तयारी गर्नका लागि विशेष अनुरोध गरिन्छ ।

### सामाजिक समावेशीकरण एवं अपाङ्गता सहायता

अष्ट्रेलिया सरकारले सबै समूह र समुदायका मानिसहरुको योगदानको कदर गर्दछ । यसले (छनौट प्रक्रिया) समतामूलक होओस् र महिला, परम्परागत रुपमा पछाडि पारिएका समूह र अपाङ्गता भएका मानिसहरु लगायत समाजका सबै समूहहरुको व्यापक सहभागिता होओस् भन्ने चाहन्छ । कम प्रतिनिधित्व भएको समूहबाट आएका आवेदकहरुलाई उनीहरुको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्ने उद्देश्यले अष्ट्रेलिया अवार्डस् को छनौट प्रक्रियामा त्यस्ता आवेदकहरुले (यस्ता प्रतिस्पर्धाहरुमा) सहभागी हुँदा सामना गर्नु पर्ने बाधा व्यवधानहरुमाथि विचार पुर्‍याइन्छ । विगतमा नेपाल बाहिर गएर अध्ययन गर्ने अवसर पाएका आवेदकहरुको तुलनामा त्यस्तो अवसर नपाएकालाई बढि प्राथमिकता दिइन्छ ।

छात्रवृत्तिका लागि छनौट भएका अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताको मूल्याङ्कन गरी सोही आधारमा समूचित अपाङ्गता सहायता (शैक्षिक तथा गैर–शैक्षिक) प्रदान गरिन्छ । यसको उद्देश्य उनीहरुले अष्ट्रेलिया अवार्डस् प्राप्त गरेका अन्य विद्यार्थी सरह समान रुपमा छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउन् भन्ने हो ।

आवेदन प्रक्रिया पारदर्शी र प्रतिस्पर्धामूलक हुन्छ । जुनसुकै लैङ्गिक समूह, जातजाति र अपाङ्गता भएका व्यक्तिहरुलाई यस प्रक्रियामा सहभागी हुने समान अवसर प्रदान गरिएको छ ।

अष्ट्रेलिया अवार्डस् सम्बन्धी अझ धेरै जानकारीहरु प्राप्त गर्न सम्भावित आवेदकहरुलाई हाम्रो वेबसाइट हेर्न वा अष्ट्रेलिया अवार्डस् नेपालको कार्यालयमा सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछौं ।

**अष्ट्रेलिया अवार्डस् — नेपाल**
मेघालय भवन, दोस्रो तला
कमलादी, काठमाडौं
फोनः ०१ ४००२६१४
ईमेलः inquiries@australiaawardsnepal.org
वेवसाइटः http://australiaawardsnepal.org

---

* तीन वर्षे स्नातक तहका हकमा कम्तिमा एकवर्षको स्नातकोत्तर र दुई वर्षको स्नातकका हकमा कम्तिमा पनि दुई वर्षको स्नातकोत्तर तह पास भएको हुनु पर्दछ ।

** महिला, अपाङ्गता भएका व्यक्ति, परम्परागत रुपमा पछाडि पारिएका समूहका सदस्य र सरकारी कर्मचारीहरुका हकमा आइएलटीएसमा समग्रमा ६.० र हरेक ब्याण्डमा ५.५ अङ्क ल्याएको